# Initiatives of NGO Federation of Nepal

# for

# Post-Earthquake Emergency Response

**NGO Federation of Nepal**

**Central Working Committee**
**Kathmandu, Nepal**
**January 2016**

**First Edition:**
2016

**Printed Copy :**
500

**Published by :**
NGO Federation of Nepal

**Copyright©**
NGO Federation of Nepal

**Publication Support:**
Fondation de France

**Layout and Design :**
Mr. Nirmal Gaire

**Printed at :**
Shining Trade Link, Kathmandu
Email : shiningtpl@gmail.com

## Intiatives of NGO Federation of Nepal for Post-Earthquake Emergency Response

| SN | Date | Activities | Venue | Related document |
|---|---|---|---|---|
| 1 | 26 April 2015 | Call to NFN district chapters and internal circulation within organization | | Annex I |
| 2 | 26 April 2015 | Released appeal for international community | | Annex II |
| 3 | 29 April 2015 | Submitted letter of commitment to National Planning Commission and Ministry of Home Affair to support government for post-earthquake response | | Annex III (a and b) |
| 4 | 30 April 2015 | Organized a meeting of CSOs on relief and rescue works and possible ways to strengthen their engagement | NGO Federation of Nepal, Buddhanagar, Kathmandu | Annex IV |
| 5 | 1 May 2015 | Delegation to Deputy Prime Minister:<br>Held meeting with Deputy Prime Minister and Minister for Home Affairs to discuss ways to strengthen collaboration and cooperation between government and non- government in executing rescue, relief and rehabilitation works and settle obstacles for NGOs | Office of Home Minister, Singhdarbar, Kathmandu | Annex V |
| 6 | 5 May 2015 | Organized meeting with national and international CSOs to update relief efforts and appeal all CSOs to report their contribution to NFN for documentation | NGO Federation of Nepal, Buddhanagar, Kathmandu | Annex VI |
| 7 | 5 May 2015 | Released statement to express concern regarding works of INGOs | | Annex VII |
| 8 | 8 May 2015 | Organized Light in Programme in memory of victims of earthquake | Shanti Batika, Kathmandu | Annex VIII |
| 9 | 10 May 2015 | Published a notice in Kantipur National Daily urging all CSOs to submit report of their contribution in relief works to NFN so that NFN could sent it to the government authority for proper record and documentation regarding contribution from NGOs | | Annex IX |

| | | | | |
|---|---|---|---|---|
| 10 | 1 May 2015-<br>10 May 2015 | Facilitated relief aid distribution in districts provided by Sadh Samaj Samachar India | Sindhupalchowk, Kathmandu and Bhaktapur | Annex X |
| 11 | 18 May 2015 | Organized discussion on possible ideas for temporary reconstruction/ settlement plan in presence of different government agencies, experts, political leaders and CSO representatives | Sidhartha Cottage, Sanepa | |
| 12 | 20 May 2015 | Organized meeting with NFN district chapter presidents of earthquake affected districts to update the status of the districts and ongoing relief efforts and to discuss ways to strengthen engagement of NFN district chapters | NGO Federation of Nepal, Buddhanagar, Kathmandu | Annex XI |
| 13 | 25 May 2015 | Participated in the programme organized by National Planning Commission and JICA | Hotel Hyatt Residency | |
| 14 | 4 June 2015 | Delegation to Ministry of Finance and Ministry of Education and discussed on Directive on aid mobilization adopted by GON | Office of Ministry of Finance and Ministry of Education | |
| 15 | 7 June 2015 | Organized a discussions on Directive of Ministry of Finance regarding Aid Mobilization of National and International non-government sector and prepare common position of the CSOs | NGO Federation of Nepal, Buddhanagar, Kathmandu | Annex XII |
| 16 | 11 June 2015 | Organized meeting with advisors and coalitions partners about mobilization of NFN's relief account's amount | NGO Federation of Nepal, Buddhanagar, Kathmandu | Annex XIII |
| 17 | 13 June 2015 | Participated in consultation programme of PDNA | Hotel Radisson, Lazimpat | |
| 18 | 24 June 2015 | National CSO Forum on Development Effectiveness in the context of post-earthquake initiatives | Hotel Annapurna | Annex XIV |
| 19 | 24 June 2015 | Handover of CSO Declaration to Vice-Chairperson of National Planning Commission | Hotel Annapurna | |
| 20 | 25 June 2015 | Participated in International Conference on Nepal's Reconstruction organized by Nepal Government | Hotel Soaltee, Kalimati | |
| 21 | 1 July 2015 | Meeting with Mr. John Jing UNOCHA NFN Office | NFN,Buddhanagar | Annex XV |
| 22 | 3 July 2015 | Meeting with Social Welfare Council | SWC , Lainchaur | Annex XVI |
| 23 | 7 July 2015 | Provided NRs 5 hundred thousand in Prime Minister Relief Fund | Office of Prime Minister at Baluwatar | Annex XVII |

| | | | | |
|---|---|---|---|---|
| 24 | 7 July 2015 | Meeting with AIN | Office of Search for Common Ground | Annex XVIII |
| 25 | 9 July 2015 | Participated in consultation meeting on Post-disaster reconstruction policy organized by National Planning Commission | Ministry of Science, Technology and Environment | |
| 26 | 16 July 2015 | Signed MOU with Bar Association, National Human Rights Commission and Federation of National Journalist to work together for monitoring post-disaster works | | Annex XIX |
| 27 | 28 July 2015 | Participated in the exhibition programme of AIN | Hotel Himalaya | |
| 28 | 30 July 2015 | Meeting with Minister of Women, Children and Social Welfare | Office of minister, Singhdarbar | Annex XX |
| 29 | 31 August 2015 | Participated in the seminar of URD | Meeting room of UNDP, Pulchok | |
| 30 | 31 August 2015 | Participated in a progamme organized by HAMI | Hotel Himalaya | |
| 31 | 1 September 2015 | Organized a review meeting in presence of NFN District Chapter representatives | NGO Federation of Nepal, Buddhanagar, Kathmandu | Annex XXI |
| 32 | 2 October 2015 | Organized a discussion progamme with CSOs and professional organizations | Indreni Complex, Baneshwor | Annex XXII |
| 33 | 6 October 2015 | Participated in the sharing programme organized by National Planning Commission | Hotel Annapurna, Darbarmarg | |
| 34 | 9 October 2015 | Participated in the programme organized by HAMI | Hotel Grand Soaltee mode | |
| 35 | 23-24 November 2015 | Organized National Civil Society Conference | Nepal Academy, Kamaladi, Kathmandu | Annex XXIII |
| 36 | 28 December 2015 | Startegic Planning Meeting | Alfa Beta Complex, Kathmandu | Annex XXIV |
| 37 | 29 January 2016 | Multi-stakeholder dialogue on post-earthquake management | Alfa Beta Complex, Kathmandu | Annex XXV |
| 38 | | Produced GIS Maps on lost, damage and recovery initiatives | | |

**Annex I**

## Call to NFN district chapters and internal circulation within organization

२०७२ वैशाख १३ गते

सम्पूर्ण केन्द्रीय सदस्यज्यूहरु,
क्षेत्रीय अध्यक्षज्यूहरु,
जिल्ला शाखा अध्यक्षज्यूहरु,
गैसस महासंघ नेपाल ।

बिषय : गैसस महासंघ नेपालको मानवीय सहायतामा जुट्न आह्वान ।

हिजो २०७२ बैशाख १२ गते ११:५५ बजे आएको महाभुकम्पको कारणले गर्दा मुलुक भरी ठूलो धनजनको क्षति भएको छ । कतिपय जना हताहत भयो के कति भौतिक क्षति भयो भन्ने यकिन तथ्यांक आइपुगेको छैन ।

यस बिपत तथा बिषम खडीमा जिल्लाहरुमा सामाजिक संस्थाहरु बीच बैठकहरु राखी आवश्यक छलफल गर्न अनुरोध गरिन्छ । अकल्पनीय आपतकालिन यस अवस्थामा मानवीय सहायताको लागि जुट्नु सम्पूर्ण गैससकर्मीहरुको कर्तब्य पनि हो । तसर्थ, राहत वितरण, मानवीय उद्दार कार्यमा निरन्तर जुट्न र त्यसको लागि सम्पूर्ण संघ संस्थाहरु स्वयंसेवी रुपमा खट्न र गैससमा कार्यरत कर्मचारीहरु समेतलाई परिचालन गर्न आह्वान गरिन्छ ।

त्यसैगरी सरकारी निकाय तथा सुरक्षा निकायहरुसँग समन्वय गरी उद्दार, राहत संकलन तथा राहत वितरणमा जुट्न र घरवार गुमाएका परिवारहरुलाई आवश्यक सहयोगका कार्यहरु गर्न आह्वान गरिन्छ ।

शर्मीला कार्की
अध्यक्ष

गैरसरकारी संस्था महासंघ नेपाल
# NGO FEDERATION OF NEPAL

**Appeal of NGO Federation of Nepal**
**for Support to the Earthquake-Stricken People of Nepal**
**26 April 2015, Kathmandu**

Nepal is reeling under crisis since 25 April, 2015 after it was hit by 7.9 magnitude tremor and several aftershocks. The earthquake death toll has crossed 5,000 according to the Armed Police Force data provided to the National Emergency Operation Center. The number of people who have been injured has crossed 10,000. Thousands of people are missing as people have been buried in the debris. Though Nepal Police, Nepal Army, Armed police Force, Volunteers and CSO activists have been mobilized in rescue operation and relief package collection and distribution; and the government of Nepal has centralized its efforts to rescue survivors, search the debris and collect and channelize relief materials in full-swing, due to lack of preparedness and coordination, there have been several problems. Thousands of people have been left homeless. Due to the scarcity of the tents/tarpaulins, thousands of displaced people have been taking shelter in open fields. They don't have food items and water too. Many countries expressed deep sorrow over the loss and have also providing supports.

In this panic-stricken situation, NGO Federation of Nepal (NFN), an umbrella organization of NGOs in the country, has focused its efforts on possible support to the victims. NFN has been coordinating with Ministry of Home Affairs (MoHA), National Planning Commission and INGOs at central level. The government has District Disaster Management Coordination Committee in each district and NFN is the only body to represent in the committee from CSOs. So, NFN is also collecting funds/donations and necessary relief materials which will be provided to the affected people through district level Disaster Management Coordination committee of Nepal government.

With an aim to dispatch urgent needs such as tents, drinking water, food and clothes, blankets NFN, with coordination with several CSO networks, federations and alliance, has established Disaster Relief Fund at the centre and has appealed national and international organizations and CSO community to contribute to it. After mapping of needs, NFN will handover relief materials to the local authority very soon. So, in this critical situation, we appeal our well wishers to contribute in the Disaster Relief Fund so that we could manage for small support to the quake-stricken people who have lost their relatives, have been displaced and going through painful situation.

Following is the detail of our Disaster Relief Fund.
Account Name: NGO Federation of Nepal
Bank Name: NABIL l Bank Limited
Bank Address: Tindhara, Beenamarg, Kathmandu
Account No. Saving A/C No. 011001-15515-01
Swift Code No.: NARBNPKA
Telex No. 2385 NABIL NP

**For contact:**
Mr. Daya Sagar Shrestha, email: info@ngofederation.org, dayasagar@ngofederation.org, Cell. No. 977-9841100432
Mr. Bigyan Sharma, email: bigyansharma@ngofederation.org , Cell no. 977-9841462057

**(A National Federation of NGOs in Nepal)**
P.O.Box:7768, Buddhanagar, Kathmandu ■ Phone (977-1) 4782908/4781368
Fax:(977-1) 4780559. E-mail: info@ngofederation.org ■ Website: www.ngofederation.org

Annex III (a)

## Letter Submitted to Ministry of Home

गैरसरकारी संस्था महासंघ नेपाल
NGO FEDERATION OF NEPAL

२०७२ बैशाख १६ गते

श्री लक्ष्मी ढकालज्यू,
प्रवक्ता, गृह मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

बिषय : महाभुकम्पले पारेको बिपत्तिमा गैससहरुको तर्फबाट सहयोग गर्न प्रतिबद्ध रहेको सम्बन्धमा ।

उपरोक्त बिषयमा २०७२ बैशाख १२ गते गएको महाभुकम्पको कारण मुलुक भरी नै प्रभाव पारेको र मुख्यतया मध्य पहाडी क्षेत्रमा ठुलो धन जनको क्षति भएको अवस्थामा गैससहरुले तर्फबाट सहयोग गर्नको लागि हामी तत्परका लागिरहेको जानकारी गराउन चाहन्छु । सामाजिक संस्थाहरुले जिल्लाहरुमा जिल्ला प्रशासनसँग समन्वय गरेर सक्रिय रुपमा लागिसकेको छन् । यस अन्तरगत गाउँ शहरहरुमा भएको क्षतिको विवरण संकलन, उद्दार, स्वास्थ्य उपचार र तत्काल राहत वितरणमा पनि जुटिसकेका छन् । गैससहरु र सरकारी निकायहरुबीच समन्वयात्मक रुपमा काम गर्न हाम्रा जिल्ला शाखाहरुले भूमिका खेलिरहेका छन् । यसै सन्दर्भमा हामीले आफ्नै राहत कोष स्थापना गरी हामीलाई प्राप्त हुने श्रोतलाई व्यवस्थापन गर्ने प्रयास गरिरहेका छौं ।

राष्ट्रिय बिपत्तिको यस घडिमा सरकारी र गैरसरकारी क्षेत्रले कसरी समन्वयात्मक रुपमा काम गर्ने र कसरी अगाडि बढ्ने सम्बन्धमा हामी छलफल गर्न चाहन्छौं र केन्द्रीय तहमा गृह मन्त्रालयसँग पनि सहकार्य गर्न चाहन्छौं । गैरसरकारी क्षेत्रको योगदानले राज्यलाई ठूलो सहयोग पुग्न सक्छ भन्ने हामीलाई विश्वास छ ।

शर्मीला कार्की
अध्यक्ष

(A National Federation of NGOs in Nepal)
P.O.Box:7768, Buddhanagar, Kathmandu ■ Phone (977-1) 4782908/4781368
Fax:(977-1) 4780559. E-mail: info@ngofederation.org ■ Website: www.ngofederation.org

**Annex III (b)**

## Letter Submitted to National Planing Commission

# गैरसरकारी संस्था महासंघ नेपाल
# NGO FEDERATION OF NEPAL

२०७२ बैशाख १६ गते

श्री उपाध्यक्षज्यू,
राष्ट्रिय योजना आयोग,
सिंहदरवार, काठमाण्डौ ।

बिषय : महाभुकम्पले पारेको बिपत्तिमा गैससहरुको तर्फबाट सहयोग गर्न प्रतिबद्ध रहेको सम्बन्धमा ।

उपरोक्त बिषयमा २०७२ बैशाख १२ गते गएको महाभुकम्पको कारण ठुलो धन जनको क्षति भएको अवस्थामा गैससहरुले तर्फबाट सहयोग गर्नको लागि हामी तत्पर छौं र सामाजिक संस्थाहरु जिल्लाहरुमा जिल्ला प्रशासनसँग समन्वय गरेर सक्रिय रुपमा लागिसकेको जानकारी गराउन चाहन्छु । यस अन्तरगत गाउँ शहरहरुमा भएको क्षतिको विवरण संकलन, उद्दार र तत्काल राहत वितरणमा पनि जुटिसकेका छन् । गैससहरु र सरकारी निकायहरुबीच समन्वयात्मक रुपमा काम गर्न हाम्रा जिल्ला शाखाहरुले भूमिका खेलिरहेका छन् । यसै सन्दर्भमा हामीले आफ्नै राहत कोष स्थापना गरी हामीलाई प्राप्त हुने श्रोतलाई ब्यवस्थापन गर्ने प्रयास गरिरहेका छौं । राष्ट्रिय बिपत्तिको यस घडिमा सरकारी र गैरसरकारी क्षेत्रले कसरी समन्वयात्मक रुपमा काम गर्ने र कसरी अगाडि बढ्ने सम्बन्धमा हामी छलफल गर्न चाहन्छौं र राष्ट्रिय योजना आयोगसँग पनि सहकार्य गर्न चाहन्छौं । गैरसरकारी क्षेत्रको योगदानले राज्यलाई ठूलो सहयोग पुग्न सक्छ भन्ने हामीलाई विश्वास छ ।

शर्मीला कार्की
अध्यक्ष

(A National Federation of NGOs in Nepal)
P.O.Box:7768, Buddhanagar, Kathmandu ■ Phone (977-1) 4782908/4781368
Fax:(977-1) 4780559. E-mail: info@ngofederation.org ■ Website: www.ngofederation.org

Annex IV

## Joint Statement from Civil Society Organizations

30 April 2015, Kathmandu, Nepal

***A discussion was held among Civil Society Organizations in the coordination of NGO Federation of Nepal (NFN) to review the overall situation in the aftermath of devastating earthquake in Nepal and possible role of CSOs in rescue and relief efforts. After the discussions, following statement was issued on behalf of participating CSOs.***

1. CSOs of Nepal express deep sorrow over the damages caused by 25 April earthquake in Nepal. We wish the soul of those died in the earthquake may rest in peace, express our heartfelt condolence to the people who lost their family members and wish for early recovery of those who have been injured.

2 Appreciating government's rescue and relief efforts, we request government agencies, NGOs, donors and human right based organizations to review the challenges seen in the coordination part among CSOs, specially, in monitoring, assistance and relief distribution.

3. We request government to crease conducive environment to engage CSOs in assisting local administration to provide emergency needs such as medical treatment, food commodities in the remote parts where state has not reached immediately. We also request government not to be stick on its stance on one door system based on the nature of rescue and needs of earthquake affected community.

4. We demand that government should incorporate role of CSOs in recently issued Rescue and Relief Operation Guideline 2015 and participate civil society organizations at center, district and community level in rescue and relief efforts.

5. We draw attention of the government that it should not create environment of curtailing rights to the people provided by the constitution in the name of declaring earthquake affected area as 'Crisis Zone.'

6. We request the government to give first priority to rescue people alive from the debris and identify the dead bodies. We also request the government to make efforts to normalize terrifying environment specially, among those who have faced physical damages and even lost their family members.

7. We appeal the government to immediately make available the emergence relief materials such as plastic, tent, tarpaulin, medicines and health workers in highly affected areas to save more lives.

8. We request the government to immediately establish a mechanism to coordinate with NGOs in the districts which have remained very effective at local level.

9. We request to the government to mobilize volunteers including political party activists, students, teaches, civil servants and NGO activists to add efficiency in relief works and relief material collection and distribution.

10. We request the government to prioritized information collection of actual damages by forming rapid assessment team.

11. Rumors regarding international aid flow, relief support should be avoided and dissemination of illusionary messages in social media should be discouraged.

12. We request the government to pay special attention towards women, children, elderly people, people with disability and poor even among the affected people and immediately rescue and rehabilitate them.

13. We request government to prepare timeline of the rescue, relief and rehabilitation activities and work on the basis of the timeline.

***Participating Organizations***

1. NGO Federation of Nepal
2. COCAP
3. AYON
4. NEC Nepal
5. NFN Kavre Chapter
6. MBBS
7. JCYCN
8. ESDO Nepal
9. HR Alliance
10. NFN Kathmandu Chapter
11. ASD
12. NYFN
13. JMC
14. INSEC
15. SOYA
16. WIPPA
17 NFN Bhaktapur Chapter
18. DNF
19. NASCIF
20. WOFOWON
21. YUWALAYA
22. CCN
23. NFN Lalitpur Chapter
24. RACE Nepal
25. CWIN Nepal
26. Beyond Beijing Committee
27. HURFON
28 FOHRID
29. RICOD
30. ACORAB
31. JFHR
32. RRN
33. SAAPE
34. NIRN Nepal
35. CWISH
36.HHAssociationNepal

२०७२/०१/१७

## नागरिक संगठनहरुको तर्फबाट संयुक्त विज्ञप्ति

गैसस महासंघ नेपालको संयोजनमा काठमाण्डौमा उपलब्ध नागरिक संगठन एवं संजालहरु बीच २०७२/०१/१७ का दिन काठमाण्डौमा छलफल बैठक सम्पन्न भयो । उक्त बैठकले २०७२ बैशाख १२ गते गएको भूकम्प, त्यसले पुऱ्याएको क्षति, भुकम्प प्रभावित क्षेत्रहरुमा भैरहेको उद्दार र राहत वितरण बारे गम्भिर रुपमा समीक्षा गऱ्यो । साथै यस बिपत्तिको घडिमा सामाजिक संघ संस्था र त्यसमा आबद्ध व्यक्तिहरुको भूमिका र तत्काल तथा आगामी दिन खेल्नु पर्ने भूमिका बारे बारे गम्भिर छलफल गऱ्यो । छलफल पश्चात सहभागी संस्थाहरुको तर्फबाट निम्न बुँदाहरु समावेशगरी साझा बक्तब्य जारी गरिएको छ ।

१. यही वैशाख १२ गते देशव्यापी रुपमा गएको महाभूकम्पका कारण भएको व्यापक धनजनको क्षतिप्रति हामी सामाजिक क्षेत्रमा आवद्ध नागरिक संगठनहरु गहिरो दुःख व्यक्त गर्दछौं । यस विध्वम्सकारी प्रकोपका कारण ज्यान गुमाउनु भएकाहरुको आत्माको चीर शान्तिको कामना गर्दै मृतकका परिवारप्रति गहिरो समवेदना प्रकट गर्दछौं । साथै प्रलयमा परि अङ्गभङ्ग तथा घाइते भएका व्यक्तिहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

२. यसै बीच उद्दार तथा राहत वितरण कार्यमा सरकारले देखाएको तदारुकताको प्रशंम्सा गर्दै नागरिक संगठनहरुबाट प्रभावित जिल्लाका गाउँ गाउँमा पुगी गरिएको अनुगमन तथा सरकारसँग संयोजन तथा सहयोग गर्ने कार्यमा देखिएका तत्कालिन चुनौतिहरुको विश्लेषण गरी नेपाल सरकारसँग तत्काल गर्नु पर्ने कार्यका लागि निम्न लिखित कुराहरुमा विशेष ध्यान पुऱ्याएर अघि बढ्न सरकारी निकाय, अन्तरसरकारी निकाय, दातृनिकाय तथा मानवअधिकारवादी संघसंगठनमा आवद्ध सबै संघसंस्थालाई हार्दिक अपिल गर्दछौं ।

३. अति प्रभावित जिल्लाका सदरमुकामदेखि दुर्गम तथा उत्तरी क्षेत्रमा सरकारको उपस्थिति तुरुन्तै हुनु पर्ने देखिएकोमा हामी नागरिक संगठनहरु सरकारका जिल्ला दैवीप्रकोप उद्धार समिति मार्फत भौतिक सामग्री, स्वास्थ्य तथा सुरक्षाको क्षेत्रमा जिम्मेवार निकायहरुसँग सहकार्य गरी उक्त प्रभावित गाउँ तथा समुदायमा पुग्ने तथा पुऱ्याउने तर्फ सहयोग गर्ने वातावरण तत्काल सिर्जना गर्न सरकारसँग हार्दिक अपिल गर्दछौं । यस्तो कार्यमा उद्दारको प्रकृति र आवश्यकतालाई हेरि नीजि तथा सामुदायिक सबै क्षेत्रहरुलाई एकद्वार नीतिमा मात्र अडिग नरहन र राहत वितरण कार्यमा राजनीति नहुने वातावरण सुनिश्चित गर्न समेत आग्रह गर्दछौं ।

४. सरकारद्वारा हालै जारी गरिएको भूकम्प प्रभावित क्षेत्रमा तत्काल राहत सहयोग संचालन कार्यविधि, २०७२ मा केन्द्र, जिल्ला र समुदायमा स्थापित नागरिक संघसंगठनलाई संलग्न गरी कार्यलाई सघाउ पुऱ्याउन जोडदार माग गर्दछौं ।

५. प्रभावित जिल्ला तथा क्षेत्रलाई संकट ग्रस्त क्षेत्र घोषणा गर्ने नाममा संविधान प्रदत्त नागरिकका अधिकार कटौति गर्ने वातावरण कुनै पनि हालतमा सिर्जना हुन नहुने तर्फ सजग गराउन चाहन्छौं ।

६. उद्दार कार्यको सिलसिलामा भग्नावशेषबाट जीवित उद्दार वा शवहरुको पहिचान गर्ने कार्यलाई पहिलो प्राथमिकता दिन विनम्र आग्रह गर्दछौं । मानवीय तथा भौतिक क्षतिका कारण व्यक्तिहरुमा पर्न गएको मानसिक सन्त्रास हुन नदिने वातावरण तयार गर्न समेत आग्रह गर्दछौं ।

७. प्रभावित क्षेत्रहरुमा जीवन बचाउन तत्काल चाहिने प्लाष्टिक, टेन्ट, तिर्पाल, स्वास्थ्य उपचार सामाग्री र स्वास्थ्य कार्यकर्ता तथा तत्काल खाने कुरा उपलब्ध गराउने कार्यलाई विशेष महत्वमा राखि कार्य गर्न सरकारसँग हार्दिक अपिल गर्दछौं ।

८. समुदाय स्तरसम्म सशक्त उपस्थितिका साथ कार्य गर्दै आएका जिल्ला जिल्लामा स्थापित गैरसरकारी संस्थाहरुसँग समन्वय गरिने संयन्त्र तत्काल स्थापना गर्न अनुरोध गरिन्छ ।

८. अहिलेको गम्भीर विपत्तिका बेलामा उद्दार तथा राहत वितरण कार्यलाई प्रभावकारी बनाउन स्वयंसेवक परिचालन मार्फत उद्दार कार्यमा लाग्न राजनीतिक दलका कार्यकर्ता, विद्यार्थी शिक्षक, कर्मचारी तथा गैरसरकारी संस्थाका व्यक्तिहरुलाई परिचालन गर्ने वातावरण तयार गर्न अनुरोध गरिन्छ ।

९. जिल्ला जिल्लामा वास्तविक क्षतिको विवरण संकलन गर्ने कार्यलाई प्राथमिकता दिँदै र्‍यापिड एसेस्मेन्ट टिम तयार गरी कार्य गर्न अनुरोध गरिन्छ ।

१०. विभिन्न देशहरुबाट उपलब्ध स्रोत साधनहरुलाई जिम्मेवारीका साथ ल्याउने, वितरण गर्ने तथा अनुगमन र प्रक्षेपण गर्ने नाममा अनावश्यक भ्रम सिर्जना हुन नदिने वातवरण तथा सामाजिक सञ्जाल मार्फत भ्रम सिर्जना हुन नदिने वातावरण सुनिश्चित गर्न अनुरोध छ ।

११. प्रभावितहरुमा पनि महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा गरिब र विपन्न परिवारको विशेष प्रकृतिलाई मध्यनजर गर्दै उहाँहरुको पुनर्स्थापना तथा खानपान र स्वास्थ्य उपचारको कामलाई विशेष प्राथमिकता दिन अनुरोध गर्दछौँ ।

१२. उद्दार तथा राहत वितरणको कार्यलाई प्राथमिकतामा राख्दा खोजी उद्दार राहत तथा पुनर्स्थापनाको समयावधि तोकि कार्य गर्न समेत सरकारसँग अनुरोध गरिन्छ ।

(**२०७२/०१/१७ गते गैसस महासंघ नेपालको संयोजनमा आयोजित बैठकबाट जारी संयुक्त विज्ञप्ति**)

१. गैरसरकारी संस्था महासंघ नेपाल
२. शान्तिका लागि साझा अभियान (COCAP)
३. नेपाल युवा संस्था सञ्जाल (AYON/YOAC)
४. NCE Nepal
५. गैरसरकारी संस्था महासंघ नेपाल, जिल्ला शाखा, काभ्रेपलान्चोक (NFN/KP)
६. MBBS
७. JCYCN
८. ESDO Nepal
९. मानवअधिकार एलाएन्स (HR Alliance)
१०. गैरसरकारी संस्था महासंघ नेपाल, जिल्ला शाखा, काठमाण्डौं (NFN/KTM)
११. ASD
१२. NYFN
१३. जागरण मिडिया सेन्टर (JMC)
१४. अनौपचारिक क्षेत्र सेवा केन्द्र (INSEC)
१५. SOYA
१६. WIPAA
१७. गैरसरकारी संस्था महासंघ नेपाल, जिल्ला शाखा, भक्तपुर (NFN/BKT)
१८. दलित गैरसरकारी संस्था महासंघ नेपाल (DNF)
१९. NASCIF
२०. WOFOWON
२१. युवालय
२२. CCN
२३. RACE Nepal
२४. CWIN Nepal
२५. गैरसरकारी संस्था महासंघ नेपाल, जिल्ला शाखा, ललितपुर (NFN/LPR)
२६. बियोण्ड बेइजिङ्ग कमिटि (BBC)
२७. राष्ट्रिय मानव अधिकार प्रतिष्ठान (HURFON)
२८. मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (FOHRID)
२९. RICoD
३०. ACORAB
३१. JFHR
३२. RRN
३३. SAAPE
३४. NIRN Nepal
३५. समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (CWISH)
३६. HH Association Nepal





## Annex V

# Delegation to Deputy Prime Minister

**उपप्रधान एवं गृहमन्त्रीज्यूसँग**

**नागरिक संगठनका प्रतिनिधिहरुको भेट बारे**

**बिज्ञप्ति**

आज मिति २०७२ वैशाख १८ गतेका दिन गैसस महासंघ नेपालका अध्यक्ष श्री शर्मीला कार्कीज्यूको नेतृत्वमा नागरिक संगठनहरुको एक प्रतिनिधि मन्डलले उपप्रधान एवं गृहमन्त्री श्री बामदेव गौतमज्यूसँग सिंहदरबार काठमाण्डौं स्थित गृह मन्त्रालयमा भेट गऱ्यो । प्रतिनिधि मण्डलमा दलित गैसस महासंघ नेपाल, मानव अधिकार एलायन्स, राष्ट्रिय अपांग महासंघ, जेष्ठ नागरिक महासंघ, सामुदायिक रेडियो महासंघ, आयोन लगायत अन्य नागरिक संगठन तथा केही नागरिक अगुवाहरुको सहभागिता रहेको थियो ।

भेटका क्रममा प्रतिनिधि मण्डलले बैशाख १२ गते गएको विनाशकारी महाभुकम्पले पारेको धनजनको क्षति प्रति दुख ब्यक्त गऱ्यो । साथै भुकम्प पश्चात भैरहेको उद्दार, राहत वितरण, घाइतेहरुको उपचार र पिडितहरुको पुर्नस्थापनका सम्बन्धमा देखिएका समस्याहरुको बारेमा सरकारलाई अवगत गराइयो ।

उद्दार कार्य, राहत वितरण तथा घरबार गुमाएकाहरुको पुर्नस्थापनाको लागि गैरसरकारी क्षेत्रबाट राज्यलाई पूर्ण रुपमा सहयोग गर्न तयार रहेको र यस सम्बन्धमा गैरसरकारी संस्थाहरुले केन्द्रीय, जिल्ला तथा गाविस नगर क्षेत्रहरुमा स्थानीय निकाय, स्थानीय प्रशासन तथा सुरक्षा निकायहरुसँग सहकार्य गरिरहेको जानकारी गरियो । साथै सामाजिक संस्थाहरुसँग प्रभावित क्षेत्रमा सहयोग गर्नको लागि युवा स्वयंसेवकहरु रहेको र आवश्यक परेका बेलामा कुनै पनि ठाउँ पठाउन सकिने जानकारी गराइएको थियो ।

सरकारी तथा गैरसरकारी क्षेत्रसँग परस्पर सहयोग र सहकार्यको लागि जिल्लाहरुमा समन्वयात्मक रुपमा काम भैरहेको भएता पनि केन्द्रीय तहमा समन्वय हुन नसकेको कुरा मन्त्रीज्यूलाई अवगत गराइएकोमा मन्त्रीज्यूले गैसस महासंघ नेपाललाई गैससहरुको प्रतिनिधिको रुपमा सरकारको केन्द्रीय समन्वय तथा उद्दार समितिमा समावेश गरिने प्रतिबद्धता ब्यक्त गर्नु भयो ।

त्यसैगरी उद्दार सामाग्री ल्याउँदा कुनै पनि मुलुक तथा त्रिभुवन विमान स्थल, भन्सार वा सीमामा कुनै विघ्न बाधा भएमा गैसस महासंघ मार्फत तत्काल गृह मन्त्रालयमा सम्पर्क गरी जानकारी गराउन भन्नु भयो । गृहमन्त्रालयले उद्दार सामाग्री निर्वाध रुपमा ल्याउन र प्रभावित क्षेत्रसम्म पुऱ्याउन आवश्यक सहयोग गर्न कुनै कसर बाँकी नराख्ने बताउनु भयो । साथै राहत वितरण तथा ढुवानीमा सुरक्षाको प्रवन्ध चाहिएमा जानकारी गराउन भन्नु भयो । यसको अतिरिक्त राहत वितरण कार्य गर्दा स्थानीय प्रशासनसँग समन्वय गरी वितरण गर्न जानकारी गर्नु भयो ।

भूकम्प पश्चात प्रभावित क्षेत्रमा रोगब्याधि फैलन सक्ने त्यसको लागि जनचेतना जगाउनु पर्ने र यस आपतकालिन अवस्थामा सही सूचना सम्प्रेषण प्रभावकारी भएमा राहत वितरण साथै अन्य काममा समेत सहयोग पुग्ने भएकोले प्रभावित जिल्लाहरुमा सामुदायिक एफएम रेडियोहरु सुचारुगर्न सरकारले आवश्यक सहयोग गर्न सक्ने बताउनु भयो ।

तसर्थ, राहत संकलन, ढुवानी तथा वितरणको कार्यमा सम्पूर्ण सामाजिक संस्थाहरुले आआफ्नो ठाउँबाट योगदान

गर्न स्वंसेवी भावनासाथ मानवीय सहायतामा जुट्न हार्दिक आह्वान गर्न चाहन्छ । गैसस महासंघ नेपालले समन्वय र सहजिकरणको भूमिका निर्वाह गर्ने छ । साथै राहत संकलन, दुवानी तथा वितरण कार्यमा कुनै सहयोग चाहेमा गैसस महासंघ नेपाल केन्द्रीय कार्यालय तथा महासंघ जिल्ला शाखाहरुसँग सम्पर्क र समन्वय गर्न अनुरोध गर्न चाहन्छौं । सम्पर्क नम्बर तथा इमेल ठेगानाहरु तल दिइएको छ ।



शर्मीला कार्की
अध्यक्ष, गैसस महासंघ नेपाल
नागरिक संगठनहरुको तर्फबाट





**Annex VI**

NGO Federation of Nepal

**2nd Meeting with National and International CSOs**

5 May 2015

| S.No. | Name | Organisation | Contact | Email |
|---|---|---|---|---|
| 1 | Rejina Joshi | AWO | 5527058 | rejina.joshi@awointernation.de |
| 2 | Aruna Rana Thapa | TAF | 9843204313 | arunathapa@gmail.com |
| 3 | Tulsi Dhakal | TAF | 9851031086 | tulsi.dhakal@asiafoundation.org |
| 4 | Bal Mukunda Suwal | NFN/BKT | 9851078737 | |
| 5 | Dipana Sharma | NFN Lalitpur | 9741103811 | dipanasharma@gmail.com |
| 6 | Milan Dharel | Swotantra Abhiyan | 9851063591 | rdmilan@gmail.com |
| 7 | Krishna Chandra Acharya | NFN/KP | 9851078014 | kcacharya555@gmail.com |
| 8 | D.N. Timalsina | ARD- KP | 9841299537 | dalnath24@gmail.com |
| 9 | Khadananda Gautam | FOWEP/KP | 9849194956 | gautamkhadananda@yahoo.com |
| 10 | Yagya Raj Acharya | CCN | 9851266272 | aryalry@yahoo.com |
| 11 | Raju Bikram Chamling | NGO FONIN | 9851139870 | msnsung2005@gmail.com |
| 12 | Chiron Khadka | Support Nepal | 9841280149 | chirannp@gmail.com |
| 13 | Dinesh Tripathi | | 98510363…7 | doneshtri@gmail.com |
| 14 | Devika Timilsina | Support Nepal | 9851078949 | timilsinadevika@gmail.com |
| 15 | Pushkar Khati | WVIN | 9841381468 | pushkar-khati@wvision.org |
| 16 | Subhakar Baigya | Plan | 9801133173 | subhakar.baidya@plan-internation.org |
| 17 | Ganesh Kaliraj | Dalit Welfare Organisation | 5130013 | ganeshdwo@gmail.com |
| 18 | Gajadhar Sunar | DNF | 9851084719 | gdsunar@hotmail.com |
| 19 | Krishna Kumari Waiba | NFN | 9851091101 | waiba.krishna@gmail.com |
| 20 | Daya Sagar Shrestha | NFN | 9841100432 | dayasagar@ngofederation.org |
| 21 | Charan Prasai | JFHR | 9851042681 | cprasai@gmail.com |
| 22 | Gauri Pradhan | | 9851024932 | |
| 23 | Meena Bista | Jagaran Nepal | 9851096143 | info@jagarannepal.org |
| 24 | Thakur Bhandari | FECOFUN | 984151609 | thakurb01@yahoo.com |
| 25 | Kishor Rai | LWF-Hub | 9841498391 | pro.sea@lwfdws.org |
| 26 | Birkha Bahadur Shahi | FECOFUN | 9851124316 | birkha.b.shahi |
| 27 | parshuram Upadhyaya | NAVIN | 9851195048 | parshuram.u@gmail.com |
| 28 | Jog Raj Giri | AFFOW | 9851141293 | jograj.giri@gmail.com |
| 29 | Shudarshan Subedi | NFDN | 9851059360 | shudarsons@gmail.com |
| 30 | Kumar Bhattarai | CWIN Nepal | 9851095922 | k.bhattarai40@gmail.com |
| 31 | Benu Maya Gurung | AATWIN | 9841647926 | aatwin@ntc.net.np |
| 32 | Amod Bomzone | The Readers Club | 9851055507 | doc@info.com.np |
| 33 | Rakshya Paodyal | Beyond Beijing Committee | 9841458786 | rakshya@beyondbeijing.org |
| 34 | Sudha Panth | UNFPA | 9801056007 | pant@unfpa.org |
| 35 | Ranju Napit | NFN/KTM | 9841692241 | ranju-n@hotmail.com |
| 36 | Min Bahadur Shahi | AR Alliance | 9851077623 | minshahi@gmail.com |
| 37 | Kapil Kafle | IHRICON | 9851072353 | patrakarita.khoj@gmail.com |
| 38 | Raju Karki | Aide et Action | 9851120229 | raju.karki@aide-et-action.org |

| | | | | |
|---|---|---|---|---|
| 39 | Kulchandra Dahal | RRN | 9852021784 | kulchandra@rrn.org.np |
| 40 | Subash Khatiwada | ACORAB | 9841349074 | skhatiwada44@gmail.com |
| 41 | Krishna Thapa | NFN Ktm | 9851013829 | nfnkathmandu@gmail.com |
| 42 | T.R. Khatiwada | SMC Federation | 9851071812 | Nepal.smcfn@gmail.com |
| 43 | Arun Khadka | AYON/YOAC | 9841333580 | mearun123@gmail.com |
| 44 | Maya | MICD | 9841803374 | mayathapa66@gmail.com |
| 45 | Aruna Bista | Exposure Media | 9851036116 | exposuremedia2009@gmail.com |
| 46 | Ranjana Thapa | UNRCO | 9851014459 | ranjana.thapa@gmail.com |





## गैरसरकारी संस्थाले भुकम्प प्रभावितका लागि राहत सामाग्री वितरण गरेको विवरण

(यो सूचना फारम सम्बन्धित संस्थाले राहत वितरण/सेवा प्रवाह गरिसकेपछि भरी info@ngofederation.org मा पठाइदिनु होला)

### १. संस्थाको विवरण

| | | |
|---|---|---|
| संस्थाको नाम | | |
| संस्थाको ठेगाना (जिल्ला, गाविस/नगरपालिका) | | |
| संस्थाको सम्पर्क नम्बर | | |
| सम्पर्क व्यक्तिको नाम र मोबाइल नम्बर | | |

### २. राहत वितरण वा अन्य सेवा प्रवाहको विवरण

| | | |
|---|---|---|
| राहत वितरण/सेवा प्रवाह गरेको मिति | | |
| राहत वितरण/सेवा प्रवाह गरेको गाविस वा नगरपालिकाको विवरण | | |
| राहत सामाग्रीहरु र त्यसको परिमाण (विवरण ) | | |
| सहयोग गर्ने दाता वा संस्थाको नाम | | |
| राहत वितरण गर्दा कुनै समन्वय गरेको भए सोको विवरण | | |
| लाभान्वित परिवार संख्या/व्यक्ति | | |
| राहत सामाग्री/सेवा प्रवाहको कूल लागत | | |
| प्रधान मन्त्री राहत कोष वा अन्य कुनै कोषमा जम्मा गरेको भएको सो रकम | | |

माथिको तालिकालाई फरक फरक स्थान अनुसार अलग अलग भर्न सकिनेछ।

### ३. विवरण भर्नेको विवरण

| | | |
|---|---|---|
| विवरण भर्नेको नाम, पद र सम्पर्क नम्बर | | |
| विवरण पेश गरेको मिति | | |

पुनश्चः माथिको कोलममा विवरण नअटाए अलग्गै विस्तृत विवरण दिनुहोला । बढीमा २ वटा सम्म फोटो पनि समावेश गर्न सकिने छ ।

Annex VII

## Statement on Works of INGOs

# बिज्ञप्ती

२०७२ साल बैशाख १२ गते आएको विनासकारी भूकम्प र त्यसपछि आएका पराकम्पनका कारण नेपालका विभिन्न जिल्लामा ठूलो धनजनको क्षति भएको छ । प्रभावित क्षेत्रमा भईरहेको विभिन्न राहत तथा पुर्ननिर्माणका कार्यहरुमा सरकारी, गैर सरकारी तथा निजी क्षेत्रको संलग्नता रहेको छ ।

विपतको यस समयमा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैससहरु प्रभावित क्षेत्रमा आफै उपस्थीत भई राहत तथा पुर्ननिर्माणका कार्यहरुमा संलग्न भएका छन, जुन सऱ्हानीय छ । तथापी अर्न्तराष्ट्रिय प्रतिवद्धता विपरित प्रभावित जिल्लाहरुमा अन्तराष्ट्रिय गैससहरुले प्रत्यक्ष रुपमा आफै कार्यक्रमहरु कार्यान्वयन गर्ने गरेको देखिएको हुँदा यस सम्बन्धमा गैसस महासंघको गम्भीर चासो रहेको छ र अर्न्तराष्ट्रिय गैससहरुको छाता संगठन AIN को यस सम्बन्धमा ध्यान आकर्षण गर्न चाहन्छौं । राहत तथा पुर्ननिर्माणमा अन्तराष्ट्रिय गैससहरुको संलग्नता सम्बन्धमा हाम्रो सरोकार एवं चासोहरु बुँदागतरुपमा निम्न बमोजिम रहेका छन् ।

१. भुकम्प प्रभावित जिल्लाहरुमा अन्तराष्ट्रिय गैससहरुले राहत तथा पुर्ननिर्माणका कार्यक्रमहरु संचालन गर्दा स्थानीय संस्थाहरु संगको साझेदारी गर्नु पर्ने कुरालाई वेवास्ता गर्दै प्रत्यक्ष रुपमा आफै संचालन गर्ने गरेको ।

२. प्रभावित जिल्लाका स्थानिय बोर्डिङ्ग स्कुलका अंग्रेजि शिक्षकहरुलाई विधालयसंग समन्वय नगरी भाषा अनुवादकको रुपमा नियुक्त गर्ने गरेको जस्ले गर्दा विधालय शिक्षा प्रभावित भएको ।

३. अन्तराष्ट्रिय गैससहरुले राहत तथा पुर्ननिर्माणका कार्यहरु स्थानिय निकायहरुसंग समेत समन्वय नगरी प्रत्यक्ष रुपमा कार्यान्वयन गर्ने गरेको, कतिपय जिल्लाहरुमा गैससहरुलाई वेवास्ता गरी सरकारी निकायसँग मात्र समन्वय गरी काम गरेको ।

४. कतिपय प्रभावित जिल्लाहरुमा कार्यरत गैससका कर्मचारीहरुलाई अन्तराष्ट्रिय गैससहरुले बढि तलब तथा सुविधा दिई सम्बन्धीत जिल्लामा नियुक्त गरेको र गैससहरुलाई साझेदार संस्थाको रुपमा भन्दा पनि राहत तथा पुर्ननिर्माण कार्य गर्न माध्यमको रुपमा मात्र प्रयोग गरेको ।

५. राहत तथा पुर्ननिर्माण कार्यमा गएका अन्तरराष्ट्रिय गैससहरुले घरभाडा तथा खाध्य सामाग्रीको मुल्य आवश्यकता भन्दा बढि तिर्ने गरेको कारण स्थानिय गैससहरु तथा स्थानिय बासीन्दाहरु मारमा पर्ने गरेको ।

६. राहत तथा पुर्ननिर्माण कार्यमा खर्चने रकम भन्दा अन्तरराष्ट्रिय गैससहरुको प्रशासनिक खर्च बढि देखिएको तथा खर्चको पारदर्शिता नभएको भन्ने गुनासो आएको ।

**Annex VIII**

## Light in programme in memory of victims of earthquake





**Annex IX**

## Notice published in Kantipur national daily

**राहत कार्यमा संलग्न गैससहरुलाई गैसस महासंघ नेपालको**

**अत्यन्तै जरुरी सूचना**

यही वैशाख १२ गते देशमा गएको महाभूकम्पका कारण व्यापक धनजनको क्षति भएको यस विपतको घडिमा उद्दार तथा राहत वितरण कार्यमा विभिन्न संघ संस्थाहरूले देखाएको तदारुकता र प्रभावित स्थानहरुमा पुगी गरिएको राहत सहयोगको लागि हार्दिक धन्यवाद दिन चाहन्छौं । गैससहरुले गरेको सहयोग अति प्रभावित घरपरिवारलाई लक्षित गरी प्रभावकारी रुपमा वितरण गर्न र राहत वितरण कार्यलाई पारदर्शी बनाउनको लागि गैसस समुदायको तर्फबाट सरकारको केन्द्रीय राहत समितिसँग भएको समझदारी बमोजिम गैसस महासंघ नेपालले गैरसरकारी संस्थाहरूले भुकम्प प्रभावितहरुका लागि वितरण गरेको राहत सामाग्री लगायत कुनै पनि सहयोगहरुको विवरण संकलनको कार्य प्रारम्भ गरेको छ । तसर्थ, सहयोगी गैरसरकारी संघ संस्थाहरूले प्रभावित क्षेत्रमा गरेको मानवीय, जिन्सी तथा आर्थिक सहयोगको विवरण निर्धारित फारम अनुसार भरी info@ngofederation.org मा पठाईदिनुहुन सूचित गर्दछौं । यहाँहरुले दिएको सूचना एकीकृत गरी गैसस महासंघ नेपालले नेपाल सरकारलाई उपलब्ध गराउने छ र ती सूचना सरकारको अभिलेखमा रहने जानकारी गराउँछु । सूचना फारम www.ngofederation.org उपलब्ध छ ।

**शर्मीला कार्की**
**अध्यक्ष**
**गैसस महासंघ नेपाल**

Annex X

## Relief aid distribution in districts in support of Sadh Samaj Samachar India





## Annex XIV

## Meeting with NFN district chapter presidents of earthquake affected districts

# महाभूकम्पको असर र नागरिक संगठनहरूको भूमिकाबारे छलफल संक्षिप्त प्रतिवेदन

२०७२ साल बैशाख १२ गते आएको महाभूकम्प र त्यसपछि आएका पराकम्पनका कारण मुलुकमा ठूलो धनजनको क्षति भइसकेको छ । नेपाल सरकारको पछिल्लो तथ्यांक अनुसार भूकम्पमा परि मृत्यू हुनेहरुको संख्या ८,६३३ पुगेको छ भने घाइते हुनेहरुको संख्या १६८०८ रहेको छ । त्यसैगरी करिब पाँच लाख घरहरु पूर्णरुपमा भत्किदा लाखौं नागरिकहरु घरबारबिहिन बन्न पुगेका छन् । भूकम्प प्रभावितहरुका लागि सरकारले तत्काल उद्दार र राहतपश्चात पुनस्थापनाबारे योजना बनाइरहेको छ । राज्यको साझेदारको रुपमा रहेका गैससहरु पनि आफ्नो ठाउँबाट उद्दार तथा राहतको कार्यमा सक्रिए रहे । तत्काल राहत र उद्दारको कार्यपछि अब गरिनुपर्ने पुनस्थापना र पुननिर्माणप्रति पनि नागरिक संगठनहरुले दायित्वबोध गरिरहेका छन् । यसै सन्दर्भमा गैसस महासंघले २०७२ जेठ ६ गतेका दिन महासंघको बुद्धनगरस्थित कार्यालयमा भूकम्प प्रभावित जिल्ला शाखाका अध्यक्ष तथा प्रतिनिधि, केन्द्रीय सदस्यहरु तथा पदाधिकारीहरुबीच एक छलफल कार्यक्रमको आयोजना गर्‍यो ।

कार्यक्रमको प्रारम्भमा महासंघका केन्द्रीय सदस्य श्री जीताराम लामाले विषयबस्तुमाथि प्रकाश पार्दै भूकम्पमा ठूलो धनजनको क्षती भएको र यस्तो बेला नागरिक संगठनहरुको भूमिका महत्वपूर्ण हुने भएकाले हालसम्म प्रभावित जिल्लाहरुमा नागरिक संगठनहरुबाट भएका कार्यहरु, अप्ठेराहरु र भविष्यमा हुन सक्ने संभावित योगदानका विषयमा छलफल गर्नु नै कार्यक्रमको उद्देश्य भएको बताउनुभयो ।

त्यसपछि महासंघका महासचिव गोपाल लम्सालले सहभागीहरुलाई स्वागत गर्दै महासंघले उद्दार तथा राहत कार्यमा हालसम्म गरेका कामहरुबारे जानकारी गराउनुभयो । उहाँले महासंघले भूकम्पपछि तत्काल जिल्लाहरुलाई उद्दार राहत कार्यमा संलग्न हुन आग्रह गरी विज्ञप्ति जारी गरेको, उपप्रधानमन्त्री तथा गृहमन्त्री श्री बामदेव गौतमसँग भेट गरी केन्द्रीय राहत समितिमा गैसस क्षेत्रलाई सहभागी गराउन आग्रह गरेको र सोही बमोजिम गैसस महासंघका अध्यक्ष श्री शर्मीला कार्कीले सो समितिमा प्रतिनिधित्व गरिरहेको, गैसस क्षेत्रबाट भएको राहत वितरणको अभिलेख संकलन गर्ने कार्य भइहेको जानकारी दिनुभयो ।

सो अवसरमा सिन्धुपाल्चोक, काठमाडौ, नुवाकोट, धादिंङ, रसुवा, गोर्खा, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, ललितपुर, दोलखा, रामेछाप, मकवानपुर, ओखलढुंगा र सिन्धुलीका गैसस महासंघका जिल्ला शाखाका अध्यक्ष तथा प्रतिनिधीहरुको उपस्थिति रहेको थियो । सो अवसरमा जिल्लास्थित क्षतिको विवरण, उद्दार राहत प्रयास, गैसस तथा अन्य नागरिक संगठनहरुको भूमिका लगायतका विषयमा जिल्ला अध्यक्ष तथा प्रतिनिधीहरुले रिपोर्टिंग गर्नुभएको थियो । उक्त रिपोर्टमा आधारित जिल्लाको अवस्था निम्नअनुसार रहेको छ ।

**सिन्धुपाल्चोक**

- स्थानीय प्रशासन र प्रहरी सुरुमा अलमलमा परेकाले तत्काल उद्दार कार्य गर्न नसक्दा क्षति धेरै भएको ।
- हालसम्म ४२ गैसस (अन्तर्राष्ट्रियसहित) राहत कार्यमा संलग्न रहेको ।
- जिल्ला राहत तथा उद्दार समितिमा गैसस महासंघको प्रतिनिधित्व रहेको ।
- गोल्छे, गुम्बा र बरुवाको केही वडाहरुमा सरकार तथा गैसस क्षेत्र पुग्न नसकेकाले क्षतिको विवरण थाहा हुन नसकेको ।

- सरकारले अस्थायी बसोबासलाई सघाउन रु १५ हजार दिने निर्णय गरेकोमा नगद नदिइ जस्ता पाता दिने निर्णय भएको ।
- गैससहरुलाइ काम गर्न अफ्ठेरो नपरेको, राहत सामग्री गैससहरुले सोझै बस्तीमा पुर्‍याउने गरेको ।

**काठमाडौं**

- धेरै संघसंस्थहरुले काठमाडौंमा काम गरिरहेकाले शाखासँग खासै जानकारी नरहेको ।
- जिल्ला राहत समितिमा महासंघको प्रतिनिधित्व नरहेको ।

**नुवाकोट**

- जिल्लामा त्रिपाल र खाद्यान्नभन्दा पनि जस्ता पाता, झुल र पानी सुद्धिकरण गर्ने पिउसको आवश्यकता रहेको ।
- अन्तर्राष्ट्रिय गैससहरुले स्थानीय संघसंस्थाहरुसँग समन्वय नगरिकनै काम गरिरहेको ।
- जिल्ला राहत समितिमा राजनीतिकरण हाबी भएको, राहत समग्री वितरण पनि राजनीतिक प्रभावमा परेको ।
- राहत समितिमा महासंघको प्रतिनिधित्व रहेको ।

**धादिङ**

- जिल्लामा एक सरो खाद्यान्न र त्रिपाल सबै प्रभावित क्षेत्रमा पुगेको ।
- जिल्लामा सरकारी तवरबाट भन्दा गैरसरकारी क्षेत्रबाट उद्दार र राहतको काम ज्यादा भएको ।
- नागरिक संगठनहरुकै पहलमा दुर्गम गाउँमा समेत हेलिकोप्टर भाडामा लिई राहत सामग्र पठाइएको र पछिल्लो समय हेलिकोप्टरसमेत भाडामा पाउन मुस्किल भएको ।
- मानव बेचविखनको सम्भावना बढेको, धेरै बालबालिकाहरु जिल्लाबाट बाहिरिएको सूचना प्राप्त भएपछि राजमार्गमा समेत निगरानी बढाइएको ।
- जिल्ला राहत समितिमा महासंघको प्रतिनिधित्व रहेको ।

**रसुवा**

- जिल्लामा २२३ जना अँझै वेपत्ता रहेको ।
- जिल्लामा सात वटा राहत केन्द्र स्थापना गरी राहतका कार्यक्रमहरु सञ्चालन भइरहेको ।
- नागरिक वडा मञ्चलाइ तथ्यांक संकलनको जिम्मा दिइए पनि तथ्यांक राम्रोसँग संकलन हुन नसकेको ।
- महासंघसँग कुनै एनजीओ तथा आइएनजिओले समन्वय नगरी काम गरिरहेको ।
- जिल्ला राहत समितिमा महासंघको प्रतिनिधित्व नरहेको ।
- जिल्लाका विकट गाविसहरुमा राहत कार्य पुग्न नसकेको ।
- लाङटाङमा धेरै पदयात्रीहरु हराइरहेको ।

**गोरखा**

- गैसस महासंघ जिल्ला शाखा सदस्य इन्द्रलाल अधिकारीको भूकम्पमा परी मृत्यु भएको ।
- ६६ गाविसमध्ये ६६ हजार २ सय घरधुरी ध्वस्त भएको ।
- भूकम्पको केन्द्रविन्दु रहेको बारपाकमा पानीको मुलहरु सुकेकाले पानी अभाव हुन सक्ने अवस्था रहेको ।
- चाउचाउ लगायतका ड्राइ फुड वितरणमा राहत समितिले रोक लगाएको तथा त्रिपाल वितरणको काम पनि बन्द गरिएको ।
- लाप्राकको पुरै बस्ती स्थानान्तरण गर्न आवश्यक देखिएको, करिब २५०० घरधुरी स्थानान्तरणको आवश्कतामा

रहेको ।

- पदयात्रामा रहेका २२ जना विदेशी पर्यटकहरु हराइरहेको ।
- जिल्लाको राहत समितिमा महासंघको प्रतिनिधित्व रहेको ।

**काभ्रेपलाञ्चोक**

- आंशिक र पूर्ण क्षति भन्दा पनि घरलाई बस्न मिल्ने र नमिल्नेमा बर्गिकरण गरिनुपर्ने ।
- त्रिपालको अँझै आवश्यकता रहेको, घरधुरीको आधारमा त्रिपाल दिइँदा ठूलो परिवारलाई अफ्ठेरो भएको ।
- कसले कहाँ कस्ता राहत सामग्री वितरण गरेको छ भन्ने पुरै जानकारी नआइसकेको ।
- जिल्लामा मानव व्यापार, तथा यौन हिंसा बढ्ने खतरा रहेकोले सचेतना कार्यक्रम चलाउन आवश्यक रहेको।
- जिल्ला राहत समितिमा महासंघको प्रतिनिधित्व रहेको ।

**भक्तपुर**

- भक्तपुरमा मात्र १ लाख २० हजार परिवार विस्थापित भएको, २३ हजार घर पुरै ध्वस्त भएको ।
- राहत धेरै संघसंस्थाले बाँडे पनि त्यसको एकीकृत तथ्यांक नभएको ।
- जिल्ला राहत समितिमा महासंघको प्रतिनिधित्व नरहेको ।
- जिल्लाका १८५ सम्पदाहरु क्षति भएको ।

**दोलखा**

- दोलखामा भौतिक क्षति धेरै भएपनि गहुँ काट्ने सिजन भएकाले मानिसहरु घरबाहिर भएकाले गोरखा र सिन्धुपाल्चोक भन्दा कम मानवीय क्षति भएको ।
- अन्य जिल्लाको तुलनामा जिल्लामा कमै मात्रामा राहत वितरण भएको ।
- जिल्लास्थित राहत समितिमा गैसस महासंघको प्रतिनिधित्व नरहेको ।
- प्रभावितहरुलाई दिइने सहयोगमा एकरुपताको खाँचो देखिएको ।

**रामेछाप**

- जिल्लामा दुई तरिकाले राहत वितरण भइरहेको, राहत समिति र अन्य संघसंस्थाहरुले सोझै प्रभावित समुदायमा राहत पुर्याउने गरेको ।
- गैससहरुले राहत वितरण गर्दा राहत समितिको स्वीकृती लिई सोझै गाउँहरुमा जाने गरेको ।
- दातृ निकायहरु स्थानीय संस्थाहरुसँग समन्वय नै नगरि राहत, पुनस्थापना कार्यमा लागेको पाइएको ।
- घर निर्माणको लागि फरक फरक माध्यमबाट रकम प्रवाह नगरि एउटै कोषमा जम्मा गरी क्यास नदिई पुर्ननिर्माण कार्यमा पारदर्शी तरिकाले खर्च गर्दा राम्रो हुने सुझाव ।

**ओखलढुंगा**

- पूर्वाञ्चलमा सबैभन्दा बढी क्षति ओखलढुंगामा भएको ।
- अन्य जिल्लाको तुलनामा कम भौतिक र मानवीय क्षति भएको र पूर्वाञ्चल क्षेत्रको ध्यान ओखलढुंगामा पुगेकाले राहत सामग्रीको अभाव नरहेको ।
- जिल्ला राहत समितिमा महासंघको प्रतिनिधित्व रहेको ।

**सिन्धुली**

- २४,३४४ त्रिपाल, ९७,४०० किलो चामल र १०४३४ वटा कम्मल वितरण भएको
- माग र आपूर्तिवीच असन्तुलन रहेको ।

- मृतक १४ जनाको शव व्यवस्थापन, काजकृया खर्च वितरण, मृतक परिवारलाई राहत सामाग्री वितरण, घाइते १४८ जनाको उपचार प्रबन्ध, ६ जना उपचाररत रहेको ।
- राहत कार्यमा खासै समस्या नदेखिएको ।

**मकवानपुर**

- एकसरो राहत सबैलाई पुगे पनि आवश्यकता पुरा नभएको ।
- चामल न्युन रुपमा मात्र प्रभावित ठाउँमा पुगेका ।
- राहत समितिमा महासंघको प्रतिनिधित्व रहेको ।
- राहत सामग्रीहरु समितिमा जाने र त्यहाँबाट वडा नागरिक मञ्चसँग सहकार्य गरेर वितरण गर्ने गरेको, खासै समस्या नरहेको ।
- सरकारी र गैरसरकारी निकायबीच राम्रो तालमेल कायम रहेको ।

**निष्कर्ष**

सहभागीहरुले प्रस्तुती गरिसकेपछि महासंघका केन्द्रीय अध्यक्ष श्री शर्मीला कार्कीले छलफलका निष्कर्ष प्रस्तुत गर्नुभयो । उहाँले जिल्लामा देखिएका समस्याहरुबारे केन्द्रीय राहत समितिको बैठकमा राख्ने बताउनुभयो । साथै, गैसस क्षेत्रबाट उद्दार राहतमा ठूलो योगदान भएपनि सूचनाको अभाव भएको र महासंघले विभिन्न संघसंस्थाहरुलाई प्रतिवेदन पठाउन अनुरोध गरि अभिलेख राख्ने कार्य गरिरहेको बताउनुभयो । उहाँले यस्तो विषम परिस्थितिका वापजुद पनि छलफल कार्यक्रममा भाग लिन आएकोमा सबैलाई धन्यवाद् ज्ञापनसमेत गर्नुभयो ।

**सहभागीहरु**

कार्यक्रममा गैसस महासंघ नेपालका केन्द्रीय अध्यक्ष श्री शर्मीला कार्की, महासचिव श्री गोपाल लम्साल, सचिव श्री मिलन श्रेष्ठ, कोषाध्यक्ष श्री कृष्ण गौतम, केन्द्रीय सदस्यहरु श्री सोम सापकोटा, श्री महेश श्रेष्ठ, श्री इन्द्र नेपाल, श्री जितराम लामा, श्री कृष्णा कुमारी वाइवा, श्री होम पाठकको सहभागित रहेको थियो । साथै, दोलखा शाखाबाट श्री धर्मेन्द्र मोक्तान, काठमाडौं शाखाबाट श्री रन्जु नापित, मकवानपुर शाखाबाट श्री कुमार नेगी, रसुवा शाखाबाट श्री शारदा आचार्य, काभ्रे शाखाबाट श्री कृष्णचन्द्र आचार्य, सिन्धुपाल्चोक शाखाबाट श्री विजय श्रेष्ठ, धादिङ शाखाबाट श्री दामोदर अर्याल, रामेछाप शाखाबाट श्री मिलन घिसिङ, गोरखा शाखाबाट श्री काजिराम रोका, नुवाकोट शाखाबाट श्री पदम उप्रेती, भक्तपुर शाखाबाट श्री सोम शर्मा, सिन्धुली शाखाबाट श्री सन्जय दाहाल, ललितपुर शाखाबाट श्री टिकाराम दाहाल तथा ओखलढुंगा शाखाबाट श्री हितराज कार्कीको सहभागीता रहेको थियो ।

Annex XII

## Discussion on Directives released by Ministry of Finance





| S.N. | Name | Organization |
|---|---|---|
| 1 | Ms Sharmila Karki | NFN |
| 2 | Dr. Sarba Raj Khadka | RRN |
| 3 | Mr Chhatra Pradhan | NASCIF |
| 4 | Ms Bidi Yolkey Rai | Sarthak Shikshya |
| 5 | Mr Rem B.K | HAMI/JMC |
| 6 | Mr Fatik B. Thapa | HAMI/Nepal |
| 7 | Mr Naresh K. Shrestha | BNMU |
| 8 | Mr Sunita Danuwar | S.S/NFN |
| 9 | Mr Krishna Chandra Acharya | NGO Federation of Nepal, Kavre Chapter |
| 10 | Dr Gopal Krishna Siwakoti | INHURED Int;l |
| 11 | Ms Bharati Pathak | FECOFUN |
| 12 | Ms Sita Aryal | Green Foundation Nepal |
| 13 | Ms Shanta Laxmi Shrestha | Beyond Beijing Committee, Nepal |
| 14 | Tika Ram Dahal | NFN Lalitpur |
| 15 | Hari Dharel | RMI, Baluwatar |
| 16 | Kala Shwornakar | FEDO |
| 17 | Govinda Rijal | Peace for Justice Promation Center (PeJoP) |
| 18 | Charan Prasai | JFHR |
| 19 | Gajadhar Sunar | DNF |
| 20 | Bishnu Pukar Shrestha | CAHURAST, Nepal |
| 21 | Saroj Acharya | Consortium Nepal, NACG Nepal |
| 22 | Chakraman B.K | PWO |
| 23 | Min Bahadur Shahi | HR Alliance |
| 24 | Kedar Khadka | GoGo Foundation |
| 25 | Bhakta Bishwakarma | NNDSWO |
| 26 | Rajendra Bhaju | CWIN |
| 27 | Kalika Khadka | RSS |
| 28 | Dr. Padma P. Khatiwada | HR Alliance |
| 29 | Arun Khadka | AYON/YOAC |
| 30 | Arpana Shrestha | COCAP |
| 31 | Rama Shrestha | TEWA |
| 32 | Suren Risal | Nagrik Awaz |
| 33 | Srijana Thapa Pathak | Zema |
| 34 | Dr. Jara Shakya | CBRHCC |
| 35 | Dr. Puja Lama | Public Health Concern Trust, Nepal |
| 36 | Bedbyash Lamichhane | FEDWASUN |
| 37 | Deepa Lamichhane | NSL |
| 38 | Dipak Bashyal | CVICT |
| 39 | Dipawali Sharma | NFD-N |
| 40 | Suneeta Acharya | NDFN |
| 41 | Jaj Raj Shahi | HURENDEC |

# गैरसरकारी संस्था महासंघ नेपाल
# NGO FEDERATION OF NEPAL


२०७२ असार १ गते

श्री सचिवज्यू,
अर्थ मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

**बिषय : राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी सहयोग परिचालन निर्देशिका, २०७२ का सम्बन्धमा नागरिक संगठनहरुका सुझावहरु**

२०७२ वैशाख १२ मा नेपालमा गएको विनाशकारी भूकम्प तथा त्यसपछिका पराकम्पनहरुले पुऱ्याएको क्षतिबाट प्रभावित शिक्षा सेवा, स्वास्थ्य सेवा, आवास जस्ता क्षेत्रमा वर्षात् अगावै छोटो समयमा र ठूलो परिमाणमा तत्कालै पुनर्स्थापना तथा पुननिर्माणको कार्यमा नेपाल सरकारलाई सहयोग गर्न इच्छुक राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्था, परोपकारी संस्था, कम्पनी तथा व्यक्तिलाई समन्वयात्मक एवम् व्यवस्थित रुपमा परिचालन गर्नका लागि नेपाल सरकार अर्थ मन्त्रालयले हालै राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी सहयोग परिचालन निर्देशिका, २०७२ जारी गरेको छ ।

नेपाल सरकारले राहत, पुर्नस्थापना तथा पुननिर्माण कार्यमा एकद्वार प्रणाली लागू गरेको सन्दर्भमा नेपाल सरकारकै एकभन्दा बढी निकायहरुप्रति जवाफदेही र नियमन हुनुपर्ने नीति सरकारले नै अंगिकार गर्न खोजिएको महशुस गरिएको हुँदा गैरसरकारी संस्था महासंघ नेपालको आयोजना मिति २०७२ जेठ २५ का दिन छलफल कार्यक्रमको आयोजना गऱ्यो । करिब ५० भन्दा बढी नागरिक संगठनहरुको सहभागिता रहेको सो बैठकले निर्देशिकाको सम्बन्धमा गरेको छलफलका निश्कर्षहरुको आधारमा नेपाल सरकार अर्थमन्त्रालयलाई निम्न सुझावहरु प्रस्तुत गर्दछ ।

- निर्देशिका बनाउँदा विद्यमान ऐन कानूनलाई टेकेर बन्नुपर्नेमा जारी यस निर्देशिकाको कानूनी आधार प्रष्ट नभएको हुँदा गैरसरकारी क्षेत्रलाई नियमन गर्ने कुन ऐन नियमलाई टेकेर यो निर्देशिका जारी गरिएको हो भन्ने कुरा प्रष्ट पार्नुपर्ने ।
- गैरसरकारी क्षेत्रलाई लक्षित गरी कुनै नीति, नियम वा निर्देशिकाहरु बनाउनुपूर्व गैसस क्षेत्रका प्रतिनिधिहरुसँग परामर्श एवं छलफलहरु गर्नु पर्ने । साथै कुनै पनि किसिमको नीति नियमहरु बनाउँदा नेपाली गैससहरु र अन्तरराष्ट्रिय गैससहरुको लागि छुट्टाछुट्टै र विशिष्ट नीति नियमहरु बनाउन सुझाव दिन चाहन्छ ।
- जारी निर्देशिकाको सरकारी निकायहरुकै आआफ्नो बुझाइ र व्याख्या हुन सक्ने भएको हुँदा सबै तहहरुको बुझाइमा एकरुपता हुनु पर्ने र निर्देशिका गैससहरुको काम कार्वाहीको लागि सहजिकरण गर्न जारी गरिएको हो भन्ने बुझाइ सबै सरकारी निकायहरुको हुनु पर्ने ।
- कुनै पनि परियोजना सञ्चालन गर्न समाज कल्याण परिषद्को स्वीकृती लिनुपर्ने व्यवस्था हुँदा हुँदै अस्थायी पुर्ननिर्माण कार्यमा विभिन्न मन्त्रालयसँग सम्झौता गर्नुपर्ने व्यवस्थाको सान्दर्भिक नभएको । एकद्वार प्रणालीमा स्वयं सरकारले नै जोड दिइरहेको तर सरकारले नै बहुद्वार प्रणाली लागु गरिरहेका अवस्था विद्यमान रहेकोले यस विषयलाई गम्भीरतापूर्वक लिनुपर्ने ।
- पुर्ननिर्माण कार्यमा सरकारलाई सहयोग गर्न इच्छुक सहयोगदाताहरुले आफ्नै स्रोत अर्थात कोर फन्डबाट व्यवस्था गर्नुपर्ने व्यवस्था गरिए पनि गैससहरु अन्य दातामै आश्रित हुनुपर्ने भएकाले यो व्यवस्था अन्तरराष्ट्रिय गैससहरुको लागि मात्र लागू हुनेछ भनी संशोधन गरिनुपर्ने ।
- जारी निर्देशिकामा अन्तरराष्ट्रिय संघ संस्थाहरुले सम्बन्धित मन्त्रालयहरुसँग समझदारी गरी पुर्नस्थापना र पुर्ननिर्माणका कार्यहरु गर्न सक्ने छुट दिनु सरकार आफैले बनाएको विकास सहायता नीति २०७१ बिपरित हुन जान्छ । यस खाले नीति वैदेशिक सहायतासम्बन्धी अन्तरराष्ट्रिय प्रतिबद्धता बिपरित हुन जान्छ साथै यसले घरेलु सामाजिक संस्थाहरुको क्षमता अभिबृद्धि र प्रवर्धनमा नकारात्मक असर पर्ने र स्थानीय तहको जवाफदेहितामा दीर्घकालिन असर पर्ने भएको हुँदा अन्तरराष्ट्रिय संस्थाहरुले प्रत्येक्ष रुपमा प्रभावित क्षेत्रमा पुगी काम गर्ने अभ्यासलाई तत्काल रोक्न अनुरोध गर्दछ ।

तपसिल सम्पूर्ण नागरिक संगठनहरुको तर्फबाट

शर्मीला कार्की


**(A National Federation of NGOs in Nepal)**

P.O.Box:7768, Buddhanagar, Kathmandu ■ Phone (977-1) 4782908/4781368
Fax:(977-1) 4780559. E-mail: info@ngofederation.org ■ Website: www.ngofederation.org

**Annex XIII**

# Meeting with NFN advisors

## प्रभावित जिल्लामा सहयोग उपलब्ध गराउनेबारे गैसस महासंघका सल्लाहकार तथा नागरिक समाजका प्रतिनिधिहरुसँगको बैठक नोट

२०७२ साल बैशाख १२ गते आएको महाभूकम्प र त्यसपछि आएका पराकम्पनका कारण नेपालका १४ जिल्लामा ठूलो धनजनको क्षति भइसकेको छ । विपतको यस समयमा भईरहेको विभिन्न राहतका कार्यहरुमा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको संलग्नता रहदै आएको छ । प्रभावित क्षेत्रमा राहतको अतिरिक्त अस्थायी आवास, विधालय र स्वास्थ्य चौकी लगायतको भौतिक निर्माण लागायतका पुर्नस्थापना र पुर्ननिर्माणका कार्यहरु पनि भईरहेको छ । गैसस महासंघ नेपालले केन्द्रीय तथा जिल्ला तहमा सरकार लगायत विभिन्न निकायहरुसँग समन्वय गर्दै राहत, पुर्नस्थापना तथा पुर्ननिर्माणका कार्यहरुमा योगदान पुऱ्याउँदै आएको र गैससहरुले गरेका कामहरुको सूचना संकलन तथा व्यवस्थापनमा समेत मद्दत गर्दै आएको छ ।

भुकम्प पश्चात महासंघले गरेको आव्हान बमोजिम विभिन्न देशहरुमा क्रियाशिल नागरिक संगठनहरुले प्रभावित क्षेत्रहरुमा सहयोगको लागी केहि रकम महासंघलाई उपलब्ध गराएको छ । यसै सम्बन्धमा छलफल गर्न गैसस महासंघ नेपालले २०७२ जेष्ठ २८ गते गैसस महासंघको सभाकक्षमा महासंघका सल्लाहकारहरु तथा विभिन्न नेटवर्कका सहभागिको उपस्थितिमा बैठकको आयोजना गऱ्यो ।

महासंघका अध्यक्ष शर्मिला कार्कीले सहभागीहरुलाई स्वागत गर्दै बैठकको सुरुवात गर्नुभयो । बैठकको उद्देश्य माथि प्रकास पार्दै अध्यक्ष कार्कीले राहत कार्यका लागि गैसस महासंघले हाल सम्म गरेको पहल तथा प्रगतिहरुको बारेमा बताउनु भयो । उहाँले भुकम्प पश्चात महासंघले आकस्मिक बैठक राखी गैसस, अन्तरराष्ट्रिय गैसस तथा सरकारी निकायसँग समन्वय गर्ने कार्य भएको र हालसम्म विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरु, सरकारी निकायसँग, विभिन्न नागरिक संगठनहरु, नेटवर्क तथा फेडेरेसनहरुसँग ४ चरणमा छुट्टाछुट्टै बैठक बसिसकेको र महासंघले गैससहरुले गरेका राहतका कार्यहरुको प्रतिवेदन संकलन तथा सम्पादन गरी नियमित रुपमा नेपाल सरकारलाई पठाउने गरेको जानकारी गराउनु भयो ।

बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरुबाट हाल सम्म करिब ७ लाख रुपैया राहत कार्यका लागी प्राप्त भएको र सो रकम अस्थाई विद्यालय निर्माणमा खर्च गर्न सकिने र केहि रकम महासंघको तर्फबाट अन्य नागरिक संगठनहरु समेतको संलग्नतामा प्रधानमन्त्री राहत कोषमा राख्न समेत प्रस्ताव गर्नु भयो ।

